फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (१) संख्याः (५) मितिः २०७४।०८।१५

## भाग-२

## फालेलुङ गाउँपालिका

**फालेलुङ गाउँपालिका क्षेत्र भित्रका वडाहरुमा व्यवसाय दर्ता गर्ने सम्बन्धमा बनेको निर्देशिका -२०७४**

**कार्यपालिका बाट स्विकृत मिति : ०७४।०८।१३**

**प्रमाणित मिति : ०७४।०८।१३**

# प्रस्तावना :

नेपालको संविधानको अनुसूची-८ बमोजिम स्थानीयतहको एकलअधिकार सुची र स्थानीय सरकार सञ्चालन ऐन को दफा (११) को उपदफा (२) को बुँदा (घ) स्थानीय कर, सेवाशुल्कतथा दस्तुर सम्बन्धमाव्यवसाय कर संकलनगर्न र गाउँपालिका क्षेत्र भित्र रहेको विभिन्नव्यापार, व्यवसाय , कृषि र पशु उत्पादन सँग सम्बन्धितफर्मको, लगत राख्न बाञ्छनीय भएकोले फालेलुङ गाउँपालिकाको गाउँकार्यपालिकाले यो निर्देशिकाजारी गरि लागु गरेको छ।

१. गाउँपालिका क्षेत्र भित्रका सम्पुर्ण व्यवसायीहरुलेव्यवसाय सञ्चालनभएको वडाहरुमा व्यवसायदर्ता गर्न आउनु अघि देहायअनुसारको कागजातलिइआउनुपर्नेछ।

- गाउँकार्यपालिकाले निर्धारण गरेको निवेदनको ढाँचामा वडा कार्यालयकोनाममा लेखिएको निवेदन। (निवेदनको ढाँचा अनुसूची १ बमोजिमहुनेछ )
- प्रकृतिअनुसारको व्यवसायदर्ता शुल्कतिरेको रसिद।
- नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- विदेशीको हकमा राहदानीको प्रमाणित प्रतिलिपिवा सम्बन्धित दुतावासबाट लिइएको निजको परिचयखुल्ने सिफारिस।
- दुईप्रतिपासपोर्ट साइजको फोटो।
- घर भाडा लिई व्यवसायगर्ने भए सम्बन्धित घर धनि सँग गरिएको घरभाडा सम्झौता।
- आफ्नै घरमाव्यवसाय सञ्चालनगर्ने भएचालु आ.व. सम्मको मालपोत र धुरिकर तिरेको रसिदको प्रतिलिपि।
- अन्यकुनै निकायमादर्ता गरि प्रमाणपत्र लिएको भए सोको प्रतिलिपि।
- चार किल्ला सर्जमिनमुचुल्का ( निर्देशिकाको अनुसूची २बमोजिमको ढाँचामा )

२. निर्देशिकाको बुँदा नं. १ बमोजिम आएका सम्पुर्णको कागजातउपर वडा कार्यालयको वडा सचिवले रुजु गरि स्पष्ट राय सुझावदिई वडाध्यक्ष समक्षव्यवसायदर्ता गर्न पेश गर्नुपर्नेछ र मासिक रुपमा सो को फाँटवारी गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

३. वडा सचिवबाट सिफारिस भइआएको कागजात र विवरण वडाध्यक्षबाट पुनः रुजु गरि वडाकार्यालयकोव्यवसायदर्ता मुलअभिलेख खातामा लगत राखि अनुसूची ३ बमोजिमको व्यवसाय/उद्योग दर्ता प्रमाणपत्र सम्बन्धितव्यवसायीलाई दिनुपर्नेछ।

# अनुसुची १

## व्यवसायदर्ता निवेदनको ढाँचा

श्रीमानवडाध्यक्ष ज्यु
………… नं. वडा कार्यालय
फालेलुङ गाउँकार्यपालिकाको कार्यालय,

**विषय : व्यवसायदर्ता गरी पाउँ ।**

वडाकार्यालयले व्यवसायदर्ता सम्बन्धमातपशीलमाउल्लिखितविवरणअनुसारको पुष्ट्याँई गर्ने कागजात संलग्न गरी व्यवसायदर्ता गराउन यो निवेदन पेश गरेको छु ।

तपशीलः

<table>
<tr><td colspan="6">१. व्यवसायदर्ता गर्न निवेदन पेश गर्ने व्यक्तिको विवरणः</td></tr>
<tr><td colspan="3">क) नामः</td><td colspan="3">ख) ठेगाना :</td></tr>
<tr><td colspan="3">ग) पत्राचार गर्ने ठेगाना :</td><td colspan="3">घ) मुख्यव्यक्तिको नामः</td></tr>
<tr><td colspan="3">ङ) टेलिफोन नं. :</td><td colspan="3">च) मोवाइल नं. :</td></tr>
<tr><td colspan="6">२. व्यवसायदर्ता गर्नकालागिआवश्यक पर्ने कागजात :</td></tr>
<tr><td colspan="6">क) व्यवसायको प्रकृतिअनुसार लाग्ने शुल्कतिरेको रसिद । छ ( ) छैन ( )<br>ख) नागरिकता प्रमाणपत्रको प्रकाणित प्रतिलिपि । छ ( ) छैन ( )<br>ग) दुईप्रतिपासपोर्ट साइजको फोटो । छ( )छैन : ( )<br>घ) घर भाडा लिइव्यवसायगर्ने भए सम्बन्धित घर धनि सँग घरभाडा सम्झौता । छ( ) छैन ( )<br>ङ) आफ्नै घरमाव्यवसाय सञ्चालनगर्ने भएचालु आ.व. सम्मको मालपोत र घर धुरी करतिरेको रसिदको प्रतिलिपि । छ ( ), छैन ( )</td></tr>
<tr><td colspan="6">३. व्यवसायको प्रकृति :</td></tr>
<tr><td colspan="6">४. व्यवसायको कुलपुँजिः</td></tr>
<tr><td colspan="6">५. व्यवसाय सञ्चालनगर्ने स्थान :</td></tr>
<tr><td colspan="6">६. फर्म/व्यवसायको नाम :</td></tr>
<tr><td colspan="2">निवेदनदिएको मिति :<br><br>आर्थिक वर्ष :</td><td colspan="2">कार्यालय प्रयोजनकालागि<br>दर्ता नं :<br><br>दर्ता मिति :</td><td colspan="2">निवेदकको हस्ताक्षरः</td></tr>
</table>

## अनुसूची २

## चार किल्ला सर्जमिनमुचुल्का

लिखितम.................. जिल्ला ........................... गा.पा वडा नं. .......मा स्थायी घर भई हाल .............................. गा.पा. ⁄ न.पा. वडा नं........बस्ने श्री ........................................ को नाती ⁄ नातीनी ⁄ बुहारी श्री ....................................को छोरा ⁄ छोरी ⁄ पत्निवर्ष ....... को श्री .................................... ले फालेलुङ गाउँपालिका वडा नं. ...... को ............................... को नाममाजग्गा घनि प्रमणपुर्जा भएको पूर्व को .......... को जग्गापश्चिमको .............. को जग्गा . उत्तर को ........... को जग्गा र दक्षिणको .............. को यतिचार किल्लाभित्रको कित्ता नं. ............क्षेत्रफल ............ को जग्गामाउद्योग ⁄ व्यवसाय ⁄ कृषितथापशु फार्म सञ्चालनगर्न पाउँभनि यस वडा कार्यालयमादिनभएको निवेदनको आधारमा कसैलाई बाधाविरोध नपर्ने सम्बन्धमाबुझ्न खटिई आउनु भएका वडा कार्यालयकाकर्मचारी ⁄ जनप्रतिनिधिले हामीतपशीलकाव्यक्ति सँग सोधपुछ गर्नुभएकोमाउक्तकित्ता नं.. ... ...... को जग्गामामाथिउल्लिखितअनुसारको उद्योग ⁄ व्यवसाय ⁄ कृषितथापशु फार्म सञ्चालनगर्दा सार्वजनिकमहत्वको स्थानविद्यालय, मठमन्दिर र सँधियाहरुलाई बाधानपर्ने भएकाले उल्लीखितकार्य गर्न हामी सहमत छौँ ।

**पछि कुनै बाधाविरोधपऱ्यो भने उजुरी गर्ने छैनौ भनि सहि छाप गरिदियौँ ।**

तपशील :

१. पुर्वतर्फका संधियार ................वर्ष का श्री ............................................................. ( नागरिकता नं. )

२.पश्चिमतर्फका संधियार...............वर्षका श्री ........................................................................ (नागरिकता नं. )

३. उत्तर तर्फका संधियार .............वर्ष काश्री ................................................................ ( नागरिकता नं. )

४. दक्षिण तर्फका संधियार ............वर्ष काश्री ............................................................. (नागरिकता नं. )

इति संवत .............साल..................महिना................गते ................रोज शुभम

# फालेलुङ गाउँपालिका
# गाँउकार्यपालिकाको कार्यालय
## .......... नं. वडा कार्यालय
## (व्यवसाय/उद्योग दर्ता प्रमाण-पत्र)

दर्ता नं./मिति :

प्रमाणपत्र संख्या :

कर क्षेत्र:

पुँजि:

१. व्यवसाय/फर्मको नाम :
२. प्रोप्राइटरको नाम :
३. पितावापतिको नाम :
४. व्यवसायको किसिम :
५. संचालनगर्ने स्थान :

वडा सचिव<br>.......... नं. वडा कार्यालय

वडाध्यक्ष<br>........ नं. वडा कार्यालय

नोट :

- निर्धारित व्यवसाय कर लिई यो प्रमाणपत्र दिइएको छ।
- प्रमाणपत्रअरुलाई उपभोग गर्न दिनु हुन्न।
- प्रत्येक आर्थिक वर्षको सुरुमागाउँकार्यपालिकाको कार्यालयमाव्यवसायनविकरण गरि व्यवसाय कर बुझाउनुपर्नेछ।
- तोकिएको समयमाव्यवसाय कर नबुझाएमातोकिएअनुसारको जरिवानालगाइनेछ।
- व्यवसायगर्ने स्थानमा सबैले देख्ने गरि प्रमाणपत्र राख्नु पर्नेछ।
- विक्रिगरिने मालसामानको सबैले देख्ने गरि मुल्यसूची राख्नुपर्नेछ।
- व्यवसाय छोड्नु वानामसारी/ठाँउसारी गर्नुपूर्व गाउँकार्यपालिकाको स्विकृति लिनुपर्नेछ।
- सुर्तिजन्य/माधकपदार्थको बेचविखनगर्ने व्यवसायीलाई गाउँकार्यपालिकाले पुनःनिर्देशनदिन सक्नेछ।

“फालेलुङको समृद्धिको आधार” “ कृषि, पर्यटन, जलश्रोत र भौतिकपुर्वाधार ”

## नविकरण रेकड

| क्र.सं | नविकरण मिति | | प्रमाणित गर्ने पदाधिकारीको | | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | नाम | दस्तदत | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले

मौसम ढुङ्गेल

प्रमुख प्रशासकीय अधिकृत